# सुन्दरहरैचा नगरपालिका
## नगरकार्यपालिकाको कर्यालय
## ( पशुपन्छी प्रर्बद्धन शाखा )
## बिराटचोक मोरङ

च.नं १६५२

मिति :२०७४/१२/०१

# प्रस्ताव आहवानको सुचना ।

दोस्रो पटक प्रकाशित मिति २०७४/१२/०१ गते ।

सुन्दरहरैचा नगरपालिकाको आ.व २०७४/०७५ को नगरसभाबाट स्विकृत पशुपन्छी विकास कार्यक्रम तर्फ **"व्यवसायिक पशुपालन अनुदान कार्यक्रम (गाई भैसि बाखा)"** अन्तरगत साझेदारीमा गरिने कार्यक्रममा सहभागि हुन सुन्दरहरैचा नगरपालिका अन्तरगत रहेका, यस नगरपालिकाको पशुपन्छी प्रर्बद्धन शाखामा सुचिकृत व्यवसायिक फार्महरु ले तोकिएको ढाचामा १५ दिन भित्र रित पुर्वक शिलबन्दि गरि यस शाखामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल**

कार्यक्रममा सहभागिहुन चाहाने कृषकको मापदण्डः १. हाल गाईमा न्यूनतम ५ माऊ, भैसिमा ५ माऊ,बाखामा २० माऊ पालिरहेका कृषक।

२.कार्यक्रममा सहभागि भई व्यावसायलाई दिगो रुपमा निरन्तरता दिन चाहाने/सक्ने कृषक ।

३.उन्नत घास खेति गरेको वा गर्न सकिने जग्गा भएको कृषक ।

४.पशुपालनका आधुनिक पद्दति हरुलाई अवलम्बन गर्न चाहाने/सक्ने कृषक ।

५.कार्ययोजना अनुसार न्यूतनतम ५०% रकम कृषक आफैले लगानि( स्वःलगानि ) गर्न सक्ने कृषक ।

| सि.नं | कार्यक्रमको नाम | जम्मा अनुदान रकम | कार्यक्रम अनुसार सहभागिलाइ उपलब्ध गराउन सकिने जम्मा अनुदान (अधिकतम) |
|---|---|---|---|
| १ | व्यवसायिक पशुपालनअनुदान कार्यक्रम (गाई, भैसि,बाखा) | २०,००,०००/- (बिस लाख) | गाईमा अधिकतम २,००,०००/- भैसीमा अधिकतम २,००,०००/- तथा बाखामा अधिकतम १,००,०००/- सम्म । |

**प्रस्तावनामा उल्लेख हुनुपर्ने न्यूनतम बिषय :**

१.फार्मको हाल को अवस्था :- पशुसंख्या, गोठको बनावट, गोठको क्षेत्रफल, उत्पादन, जैबिक सुरक्षाको अवस्था ।

२. ५० प्रतिशत अनुदान प्राप्त पश्चात गरिने कार्यको संक्षिप्त कार्ययोजना ।

**प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने अन्य कागजातहरु :** १. निवेदन सहित प्रस्तव पेश बापतको दस्तुर रु. १०१०/- (एक हजार दश)तिरेको रसिद ,२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३.व्यवसाय संचालन गर्ने स्थानको जग्गाको जग्गाधनि प्रमाणपत्र को प्रतिलिपि(भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र) ४. शैक्षिक योग्यता र तालिम को प्रमाणपत्र को प्रतिलिपि ( भएमा मात्र ) ५. आन्तरिक राजस्व कार्यालय (पाना नं)/घरेलु कार्यालय तथा अन्य कुनै कार्यालयमा दर्ता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि । ६. कार्यक्रम संचालन तथा सम्पन्न गर्ने प्रतिबद्दता पत्र ७. कुनै संघ संस्था, समुह समितीमा रहेको भए सो को सिफारिस ८ .बैदेशिक रोजगारीबाट फर्केको भए पासपोर्टको प्रतिलिपि तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि।

**नोट** : एकल महिलालाई बिषेश ग्रहयता दिइने छ । नेपाल सरकारबाट एक पटक अनुदान प्राप्त गरेका कृषक/फार्म लाई यो सुविधा प्रदान गरिने छैन । योजना छनौट तथा कार्यान्वियन पशुसेवा बिभागको नम्स तथा नगरपालिका स्तरिय पशुबिकास कार्यदलको ले बनाएको मापदण्ड अनुसार हुनेछ ।

बिस्तृत जानकारीको लागि यस नगरपालिकाको पशुपन्छी प्रर्बधन शाखामा सर्म्पक गर्नुहोला ।

जीवनकुमार थापा मगर
पशु चिकित्सक